प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

# विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७९

प्रदेश नं. १ स्वास्थ्य मन्त्रालय अन्तर्गत संचालित सरकारी स्वास्थ्य संस्थामा दिइने स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी एवं उपलब्धीमूलक बनाउन विशेषज्ञ चिकित्सकहरुको मनोवल बढाई सेवा प्रवाहमा थप जिम्मेवारीका साथ बिशिष्ट चिकित्सकीय सेवा प्रदान गर्न विशेषज्ञ चिकित्सकहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउन बाञ्छनीय भएकाले,

आ.व. २०७९/८० को प्रदेश सरकारबाट बिशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता कार्यक्रम कार्यान्वयनको लागि प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्पताल" भन्नाले प्रदेश नं. १, स्वास्थ्य मन्त्रालय मातहतका सबै सरकारी अस्पताल सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ ।

(ग) "प्रदेश सरकार" भन्नाले प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(घ) "प्रोत्साहन भत्ता" भन्नाले अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकलाई प्रोत्साहन गर्न प्रदान गरिने तलब बाहेकको अतिरिक्त सुविधा सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेशको स्वास्थ्य मन्त्रालय सम्झनु पर्छ ।

(च) "विशेषज्ञ चिकित्सक" भन्नाले नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ चिकित्सकको रूपमा दर्ता भई अस्पतालमा कार्यरत देहायका चिकित्सक सम्झनु पर्छः-

(१) नवौं तह वा सो भन्दा माथिको स्थायी पदमा कार्यरत चिकित्सक,

(२) चिकित्साशास्त्र विषयमा MD वा सो सरह वा सो भन्दा माथिको मेडिकल डिग्री हासिल गरी नवौं तह वा सो भन्दा माथिको पदमा करारमा कार्यरत चिकित्सक,

(३) चिकित्साशास्त्र विषयमा MD वा सो सरह वा सो भन्दा माथिको मेडिकल डिग्री हासिल गरी आठौं तहको स्थायी पदमा कार्यरत चिकित्सक,

प्रदेश सरकार स्वास्थ्य मन्त्रालय विराटनगर, नेपाल
प्रमुख सचिव

(४) नेपाल सरकारको छात्रवृत्तिमा चिकित्साशास्त्र अन्तर्गत MD वा सो सरहको अध्ययन पुरा गरी प्रचलित नियम बमोजिम छात्रवृत्ति करारमा अस्पतालमा कार्यरत चिकित्सक ।

३. <u>प्रोत्साहन भत्ता उपलब्ध गराईने</u>: (१) प्रदेशभित्रका निम्न अस्पतालहरुमा कार्यरत विशेषज्ञ चिकित्सकलाई देहाय बमोजिम हुने गरी प्रतिका दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ:-

| सि.नं. | अस्पतालको नाम | प्रोत्साहन भत्ता (अधिकतम) | | |
|---|---|---|---|---|
| | | तह | | |
| | | ११ | ९।१० | ८ |
| १. | जिल्ला अस्पताल संखुवासभा | रु. १,५०,०००।- | रु. १,३५,०००।- | रु. १,२०,०००।- |
| २. | जिल्ला अस्पताल सोलुखुम्बु | रु. १,५०,०००।- | रु. १,३५,०००।- | रु. १,२०,०००।- |
| ३. | जिल्ला अस्पताल ओखलढुङ्गा | रु. १,५०,०००।- | रु. १,३५,०००।- | रु. १,२०,०००।- |
| ४. | जिल्ला अस्पताल खोटाङ्ग | रु. १,५०,०००।- | रु. १,३५,०००।- | रु. १,२०,०००।- |
| ५. | जिल्ला अस्पताल भोजपुर | रु. १,५०,०००।- | रु. १,३५,०००।- | रु. १,२०,०००।- |
| ६. | जिल्ला अस्पताल ताप्लेजुङ्ग | रु. १,५०,०००।- | रु. १,३५,०००।- | रु. १,२०,०००।- |
| ७. | जिल्ला अस्पताल तेह्रथुम | रु. १,५०,०००।- | रु. १,३५,०००।- | रु. १,२०,०००।- |
| ८. | जिल्ला अस्पताल पाँचथर | रु. १,५०,०००।- | रु. १,३५,०००।- | रु. १,२०,०००।- |
| ९. | जिल्ला अस्पताल धनकुटा | रु. ७५,०००।- | रु. ६८,०००।- | रु. १,२०,०००।- |
| १०. | जिल्ला अस्पताल उदयपुर | रु. ७५,०००।- | रु. ६८,०००।- | रु. ६०,०००।- |
| ११. | जिल्ला अस्पताल इलाम | रु. ७५,०००।- | रु. ६८,०००।- | रु. ६०,०००।- |
| १२. | जिल्ला अस्पताल सुनसरी | नपाउने | नपाउने | रु. ६०,०००।- |
| १३. | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर | नपाउने | नपाउने | नपाउने<br>नपाउने |
| १४. | प्रदेश नं. १, प्रादेशिक अस्पताल, भद्रपुर | नपाउने | नपाउने | नपाउने |
| १५. | कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्र | नपाउने | नपाउने | नपाउने |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश करार तथा छात्रवृति करारमा रहेका चिकित्सकहरूलाई देहाय बमोजिम हुने गरी प्रत्येक महिना प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ:-

| सि.नं. | अस्पतालको नाम | प्रोत्साहन भत्ता (अधिकतम) | |
|---|---|---|---|
| | | तह | |
| | | ११ | ९।१० |
| १. | जिल्ला अस्पताल संखुवासभा | रु. ७५,०००।- | रु. ६८,०००।- |
| २. | जिल्ला अस्पताल सोलुखुम्बु | रु. ७५,०००।- | रु. ६८,०००।- |
| ३. | जिल्ला अस्पताल ओखलढुङ्गा | रु. ७५,०००।- | रु. ६८,०००।- |

| | | | |
|---|---|---|---|
| ४. | जिल्ला अस्पताल खोटाङ्ग | रु. ७५,०००।- | रु. ६८,०००।- |
| ५. | जिल्ला अस्पताल भोजपुर | रु. ७५,०००।- | रु. ६८,०००।- |
| ६. | जिल्ला अस्पताल ताप्लेजुङ्ग | रु. ७५,०००।- | रु. ६८,०००।- |
| ७. | जिल्ला अस्पताल तेह्रथुम | रु. ७५,०००।- | रु. ६८,०००।- |
| ८. | जिल्ला अस्पताल पाँचथर | रु. ७५,०००।- | रु. ६८,०००।- |
| ९. | जिल्ला अस्पताल धनकुटा | रु. ३८,०००।- | रु. ३४,०००।- |
| १०. | जिल्ला अस्पताल उदयपुर | रु. ३८,०००।- | रु. ३४,०००।- |
| ११. | जिल्ला अस्पताल इलाम | रु. ३८,०००।- | रु. ३४,०००।- |
| १२. | जिल्ला अस्पताल सुनसरी | नपाउने | नपाउने |
| १३. | मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर | नपाउने | नपाउने |
| १४. | प्रदेश नं. १, प्रादेशिक अस्पताल, भद्रपुर | नपाउने | नपाउने |
| १५. | कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्र | नपाउने | नपाउने |

(३) उपदफा (१) र (२) बमोजिमको प्रोत्साहन भत्ता उपलब्ध गराउँदा तोकिएको प्रोत्साहन भत्ताको रकमलाई शतप्रतिशत मानी अस्पतालमा हाजिर भई ड्युटी रोष्टर अनुसार कामकाज गरेका आधारमा देहाय बमोजिम प्रोत्साहन भत्ता उपलब्ध गराइनेछः-

(क) महिनाको तीस कार्यदिन कामकाज गरेका विशेषज्ञ चिकित्सकहरूलाई शत प्रतिशत भत्ता उपलब्ध गराइने ।

(ख) तीस कार्यदिन भन्दा कम दिन कामकाज गरेकोमा प्रतिदिन तीन दशमलब पाँच प्रतिशतका दरले कट्टा गरेर बाँकी रकम उपलब्ध गराइने ।

(ग) पन्ध्र कार्यदिन भन्दा कम कार्यदिनको कामकाजको अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराइने छैन ।

(४) उपदफा (३)(क) मा जुनसुकै कुरा लेखिएको भएतापनि उन्नतीस दिनको नेपाली महिना कायम भएमा सो महिनाको कामकाजलाई शत प्रतिशत मानी प्रोत्साहन भत्ता उपलब्ध गराइने ।

४. <u>दोहोरो पर्ने गरी भुक्तानी गर्न नहुनेः</u> (१) यस कार्यविधि बमोजिम प्रोत्साहन भत्ता भुक्तानी गर्दा विशेषज्ञ चिकित्सकले हाल खाइपाइ आइरहेको भत्ता वा अन्य सुविधासँग दोहोरो नपर्ने गरी भुक्तानी दिनु पर्नेछ ।

(२) दफा ३ बमोजिम प्रोत्साहन भत्ता प्रदान गर्दा विशेषज्ञ चिकित्सकलाई अस्पतालमा व्यवस्थापन समिति मार्फत हाल प्रदान गरिँदै आइएको भत्ता वा अन्य सुविधाको रकमसँग समायोजन गरी प्रदान गरिनेछ ।

(३) उपदफा (२) बमोजिम भत्ता समायोजन गर्दा व्यस्थापन समिति मार्फत हाल खाइपाइ आएको भत्ता वा अन्य सुविधाको रकम यस कार्यविधिमा तोकिएको प्रोत्साहन भत्ता प्रतिशतले हुन आउने रकम भन्दा कम भएमा उक्त कम भएको रकम प्रोत्साहन भत्ता स्वरूप थप गरी प्रदान गर्नुपर्नेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यस्थापन समिति मार्फत हाल खाइपाइ आएको भत्ता वा अन्य सुविधाको रकम यस कार्यविधिमा तोकिएको प्रोत्साहन भत्ता प्रतिशतले हुन आउने रकम भन्दा बढी भएमा उक्त खाइपाइ आएको रकम नै विशेषज्ञ चिकित्सकलाई भुक्तानी गर्न बाधा पर्ने छैन ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनका लागि "व्यवस्थापन समिति" भन्नाले प्रदेश नं. १ जनस्वास्थ्य ऐन, २०७७ को दफा ३१ बमोजिम अस्पतालमा गठन गरिएको अस्पताल व्यवस्थापन समिति सम्झनु पर्छ ।

५. **प्रोत्साहन भत्ता भुक्तानी प्रक्रिया:** (१) विशेषज्ञ चिकित्सक कार्यरत रहेको अस्पतालबाटै नियमानुसार करकट्टी गरी प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको भुक्तानी गर्दा दफा ३ बमोजिमको आधारमा अस्पतालको लागि सम्बन्धित शीर्षकमा विनियोजन भएको रकमबाट विशेषज्ञ चिकित्सकलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) प्रोत्साहन भत्ता भुक्तानी प्रयोजनका लागि विशेषज्ञ चिकित्सकले अस्पतालमा नियमित रूपमा नेपाल सरकारको नियमानुसार कार्यालय समयमा पुरा कामकाज गरेको जनाउने विद्युतीय हाजिरी अस्पताल प्रमुखले प्रमाणित गर्नुपर्नेछ ।

(४) विशेषज्ञ चिकित्सकले अनुसूची-१ बमोजिमको विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता प्रतिवेदन फाराम भरी अस्पताल प्रमुखले उक्त फारामहरू प्रमाणित गरी सो सँगै उपदफा (३) बमोजिमको हाजिरी प्रमाणित कागजात समेतका आधारमा अस्पतालको आर्थिक प्रशासन/लेखा शाखा मार्फत प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्नेछ ।

६. **लेखा र लेखा परीक्षण:** यस कार्यविधि बमोजिम उपलब्ध गराइएको प्रोत्साहन भत्ताको लेखा राख्ने र लेखा परीक्षण गर्ने व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

७. **अनुगमन तथा निरीक्षण:** (१) प्रोत्साहन भत्ता उपलब्ध गराएको सम्बन्धमा अस्पताल प्रमुखका वा प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक वा मन्त्रालयका सचिव वा तोकिएका अधिकृत समेतले समय-समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा निरीक्षणका क्रममा झुट्टा तथा नभएको विवरण पेश गरी सो को आधारमा अतिरिक्त भत्ता सुविधा खाएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

प्रमुख सचिव

८. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिसँग सम्बन्धि बाधा अड्काउ फुकाउनु परेमा मन्त्रीस्तीय निर्णयबाट फुकाउन सकिने छ ।

९. <u>संशोधन, खारेजी र बचाउ:</u> (१) यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्ने अधिकार प्रदेश सरकारमा निहित हुनेछ ।

(२) यो कार्यविधि चालु आ.व. २०७९/८० को आषाढ मसान्त सम्मका लागि मात्र लागु हुनेछ ।

सचिव

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रमुख सचिव

अनुसूची-१
(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

............. अस्पताल

...............

## विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता प्रतिवेदन फाराम

विशेषज्ञ चिकित्सकको नामः

विशेषज्ञताः पदः तहः

स्थायी/करार/छात्रवृत्ति करारः

| क्र.सं. | रोगको निदान (Diagnosis) | उपचार/Procedure | बिरामीको Outcome | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | भर्ना | रेफर | डिस्चार्ज | अन्य | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तयार गर्ने

हस्ताक्षरः

नाम थरः

पदः

तहः

प्रमाणित गर्ने

हस्ताक्षरः

नाम थरः

पदः अस्पताल प्रमुख

तहः